# बागमती नगरपालिकाको

# स्थानीय राजपत्र

## बागमती नगरपालिकाद्धारा प्रकाशित

खण्डः ८ संख्याः १८ मितिः ०६ फाल्गुन २०८१ साल


भाग-१

## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कर्मैया, सर्लाही
## मधेश प्रदेश नेपाल

बागमती नगरपालिकाको नगर सभाले निम्न लेखिए बमोजिमको (विद्युतिय रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०८१) सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

संवत् २०८१ सालको कार्यविधि नं. १८

# बागमती नगरपालिका

## विद्युतीय रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१

**नगर सभाबाट पारित : २०८१/११/०५**

प्रस्तावनाः-

बागमती नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्युतीय रिक्साहरुलाई अनुमति, रूट तथा भाडा दर निर्धारण र नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै वैकल्पिक तथा नवीकरणीय उर्जाबाट चल्ने सवारी साधनलाई प्रबर्द्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो, विश्वसनीय र व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (ट) बमोजिम बागमती नगर सभाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधिको नाम **"विद्युतीय रिक्सा सञ्चालन,व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि २०८१"** रहेको छ ।

२) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएका मिति देखि लागु हुनेछ।

२. परिभाषा :- विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमा :

क) "नगरपालिका" भन्नाले बागमती नगरपालिकालाई सम्झनु पर्दछ ।

ख) "ट्राफिक व्यवस्थापन" भन्नाले सबै प्रकारका सवारी साधन सञ्चालन, नियमन र नियन्त्रण समेतलाई सम्झनु पर्दछ ।

ग) "सञ्चालन अनुमति" भन्नाले बागमती नगरपालिकाले रूट निर्धारण गरी नगर क्षेत्रभित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका विद्युतीय रिक्साको सञ्चालन अनुमतिलाई सम्झनु पर्दछ ।

घ) "रूट" भन्नाले विद्युतीय रिक्सा सञ्चालनका लागि नगरपालिकाले तोकेको रूट इजाजत पत्रमा उल्लेखित रूट भन्ने सम्झनु पर्दछ ।

ङ) "क्रसिङ बिन्दु" भन्नाले बागमती नगरपालिकामा सञ्चालन हुने गरी दर्ता तथा रूट इजाजत प्राप्त गरेका विद्युतीय रिक्साहरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनका लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका राजमार्ग सडक वारपार गर्ने स्थान सम्झनु पर्दछ ।

### परिच्छेद २
### तीनपाङ्ग्रे विद्युतीय रिक्सा सञ्चालन सम्बन्धी व्यवस्था

३. सञ्चालन अनुमति लिनु पर्ने :- (१) बागमती नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने विद्युतीय रिक्साले प्रचलित कानुन बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता भैसकेको हकमा बागमती नगरपालिकाबाट सञ्चालन अनुमति लिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम सञ्चालन अनुमति नलिई नगर क्षेत्रभित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

४. दर्ता नगरी सवारी सञ्चालन गर्न नपाईने :- (१) बागमती नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने नयाँ विद्युतीय रिक्सा नगरपालिकामा दर्ता नगरी सञ्चालन गर्न पाईने छैन ।

२) प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट सवारी चालक अनुमतिपत्र लिनुपर्नेछ ।

३) नगरपालिकाले सवारी दर्ता गरे पछि निर्धारण गरेको रुटमा सवारी सञ्चालन गर्नुपर्नेछ ।

४) अन्यपालिकामा दर्ता भएका विद्युतीय रिक्सा नगरपालिका भित्र सञ्चालन गर्दा बागमती नगरपालिकाको आर्थिक ऐन बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

५) नगरपालिकाले आवश्यकता अनुसार विद्युतीय रिक्साको सञ्चालन हुने क्षेत्र, जनसंख्या, भौगोलिक क्षेत्र हेरी सञ्चालन हुने विद्युतीय रिक्साको संख्या निर्धारण गर्नेछ ।

५. <u>दर्ता प्रक्रिया :-</u> (१) आवश्यकता अनुसार विद्युतीय रिक्सा दर्ताका लागि नगरपालिकाले छनौट प्रक्रियाका आधार समेत तोकी १ महिनाको म्याद दिई सूचना प्रकाशित गर्नेछ ।

२) सूचना प्रकाशित भएपछि दफा ३ बमोजिम सञ्चालन अनुमति र दफा ४ बमोजिम नयाँ दर्ता गर्नको लागि नेपाली नागरिकताको प्रमाणपत्र, बसोवास खुल्ने प्रमाण, सवारी साधन खरीदको प्रमाण र सवारी चालक अनुमतिपत्रको प्रतिलिपि संलग्न राखी नगरपालिकामा अनुसूची- १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम पेस भएका निवेदन उपर नगरपालिकाले छानवीन गरी तोकेको संख्या नबढ्ने गरी १५ दिन भित्र अनुसूची - २ बमोजिमको दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

४) दर्ता प्रमाणपत्र प्राप्त नहुन्जेलसम्म कार्यविधिको दफा ७ को उपदफा (१) बमोजिम निवेदन दर्ता हुँदा बुझाएको शुल्कको रसिदलाई नै आधार मानी सञ्चालन गर्न सकिनेछ।

५) दर्ता भएका विद्युतीय रिक्सा नगरपालिकाले तोकेको शुल्क बुझाई नवीकरण गर्नु पर्नेछ ।

६) दर्ता, नवीकरण र रूट ईजाजत (पर्मिट) शुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

७) भन्सारबाट भएको प्रज्ञापन पत्रसहितको पत्रबमोजिम कम्पनी मार्फत सिटि रिक्सा नयां दर्ता गर्ने।

८) सवारी चालक अनुमति पत्र तथा बिमा व्यवस्थापन गर्ने ।

९) सामान्यतया प्रदेश यातायात कार्यालयको सरुवा सहमतिको आधारमा तथा दर्ता नविकरण गर्ने प्रकृया रहेकोमा सहमति पेश गर्न नसकिएको औचित्यका आधारमा नगरपालिकाले दर्ता तथा नवीकरण गर्न सक्नेछ ।

१०) पुरानो दर्ता भईसकेको बिधुतिय रिक्साको चेसिसको फोटो सहितको फाईल अध्यावधिक गरी च्यासिस नम्बर भिडाई नवीकरण तथा नामसारी गर्ने ।

११) जाँचपास तथा रूटको कार्ड बनाई नियमन गर्ने ।

१२) सवारीको लगत कट्टा गर्दा च्यासिस नं. काटेर लिएर मात्र गर्ने ।

१३) च्यासिस परिवर्तन गर्न सम्बन्धित कम्पनीलाई इजाजत दिनसकिनेछ । सादा च्यासिसमा पन्चीङ्ग गराउन सकिनेछ ।

१४) नेपाल सरकार, प्रदेश सरकारका निकाय विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नं. र ब्लु बुकको प्रतिलिपि, दर्ता हुँदा रूट इजाजतपत्र प्राप्त गरेको भए सो को विवरण र पुष्टि हुने कागजात ।

१५) नयाँ वा यातायात व्यवस्था कार्यालयबाट स्थानान्तरण भइ आएको हकमा देहायबमोजिमको विद्युतीय रिक्साको सवारी नम्बर प्लेट कालो रङ्गमा सेतो अक्षर भएको (बा.न.पा - द.नं. . आ. व.) उल्लेख गरि उपलब्ध गराईनेछ ।

६. <u>नवीकरण प्रक्रिया :-</u> (१) प्रत्येक वर्ष साउन मसान्तभित्र तिनपाङ्ग्रे विद्युतीय रिक्सा नवीकरण

गर्नु पर्नेछ।

२) नवीकरणका लागि सवारीधनीले निवेदन साथ सवारी अनुमति पत्रको सक्कल प्रति पेश गर्नु पर्नेछ।

३) यातायात कार्यालयमा कार्यविधि लागुहुनु अघि दर्ता भएका विद्युतीय रिक्साको हकमा चालु आर्थिक वर्षका लागि नगरपालिकाले सूचना प्रकाशित गरेको अवधी भित्र अभिलेख राखी नवीकरण गर्नु पर्नेछ।

७. <u>सवारी चालक अनुमति पत्र :-</u> (१) नगर क्षेत्रभित्र सञ्चालन हुने बिद्युतीय रिक्साचालकले प्रचलित कानुन बमोजिम सवारी चालक अनुमतिपत्र लिएको हुनु पर्नेछ ।

८. <u>रूट निर्धारणः-</u> (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने विद्युतीय रिक्सा सञ्चालन गरिने रूटको निर्धारण प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीले तोके बमोजिम हुनेछ ।

९. <u>संख्या निर्धारणः-</u> (१) नगर क्षेत्रभित्र सञ्चालन हुने विद्युतीय रिक्सा संख्या निर्धारण नगरकार्यपालिकाले गर्नेछ ।

२) नगर कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापनको आधारमा संख्या निर्धारण गर्नेछ ।

३) उपदफा (२) बमोजिम निर्धारण गरिएको संख्या नगरपालिकाले समय- समयमा पुनरावलोकन गर्न सक्नेछ ।

१०. **आलोपालो तोक्न सक्ने** :- (१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा नगरकार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीका आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ । आलोपालो प्रणाली जोर विजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ ।

२) यस दफा बमोजिम आलोपालो तोक्दा प्रचलित कानुन प्रतिकुल हुनेगरी तोक्न पाईने छैन ।

११. <u>बिमा गर्नुपर्नेः-</u> (१) सवारीधनीले प्रचलित कानुन बमोजिम सवारी साधन चालक र यात्रु बिमा लगायत प्रचलित कानुनले तोकेको विमा गर्नुपर्नेछ ।

१२. <u>सवारीधनी तथा सबारी चालकले पालन गर्नुपर्ने आचार संहिताः-</u> (१) यस कार्यविधिमा अन्यत्र कानुनमा उल्लेख भए बाहेक सवारीधनी तथा चालकले पालन गर्नुपर्ने आचारसंहिता अनुसूची- ३ बमोजिम हुनेछ ।

## परिच्छेद ३
## दण्ड जरिवाना

१३. <u>दण्ड जरिवाना सम्बन्धी व्यबस्था :-</u> (१) यस कार्यविधि बमोजिम दर्ता, नवीकरण र रूट ईजाजत विना सवारी साधन सञ्चालन गरे गराएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा ईजाजत प्राप्त क्षेत्र भन्दा बाहिर सवारी साधन सञ्चालन गरे गराएमा देहाय बमोजिमको जरिवाना र कारवाही हुनेछ ।

क) सवारी साधनको किसिम र कसूरको मात्रा हेरी पहिलो पटक भएमा (रु.३०० ) तीन सय, दोस्रो पटक सोही कसूर गरेमा ( रु. ५००) सय र सोही कसूर तेस्रो पटक गरेमा (रु.१०००) हजार नगद जरिवाना | सो भन्दा बढी पटक पुनः सोही कसूर दोहो-याएमा रूट ईजाजतपत्र खारेज गर्न सकिनेछ ।

ख) खण्ड (क) बमोजिमको जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले गर्नेछ । सो दण्ड जरिवाना उपर चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पुनरावलोकन गर्न सकिनेछ र निजले गरेको निर्णय अन्तिम हुनेछ।

ग) यस कार्यविधिमा तोकिए बमोजिमका शर्त मापदण्ड तथा आचार संहिता पटक पटक उल्लंघन गरेमा वा प्रचलित कानुनले निषेधित गरेका कार्य गरे गराएमा नगरकार्यपालिकाले सवारी सञ्चालन अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(२) विद्युतीय रिक्साको भाडादर कायम गर्दा सम्बन्धित व्यवसायीको राय सुझावको आधारमा नगरसभाले तोके बमोजिम हुनेछ ।

**परिच्छेद ४**

**विविध**

**१५. <u>पुरस्कृत गर्नेः-</u>** (१) नगरपालिका क्षेत्रभित्र यो कार्यविधि र प्रचलित कानुनको पालना गरी सवारी चलाउने उत्कृष्ट सवारी चालकलाई पुरस्कारको रुपमा नगरपालिकाले कर छुट दिन सक्नेछ ।

२) उत्कृष्टताको छनौट कार्यपालिकाले गर्नेछ र सोको सिफारिस नगर प्रहरी वा ट्राफिक प्रहरी कार्यालयले गर्न सक्नेछ ।

**१६. <u>अनुगमन तथा कार्यान्वयन :-</u>** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनको यातायात व्यवस्थापन सम्बन्धी अनुगमन नगरपालिकाले गर्नेछ ।

२) अनुगमन गर्दा नगर प्रहरी, नेपाल प्रहरीको स्थानीय इकाइहरू, प्रशासन र सरोकारवालाहरूको संस्था भए सोसँग समन्वयात्मक रूपमा गर्नु पर्नेछ ।

३) विद्युतीय रिक्साको दर्ता, नवीकरण सम्बन्धी कार्य अभिलेख राजस्व शाखा र दर्ता प्रशासन शाखाले गर्नेछ ।

**१७. <u>बाधा अड्काउ फुकाउनेः-</u>** (१) यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरेर त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

**१८. <u>संशोधन तथा परिमार्जन :-</u>** (१) नगरपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**१९. <u>खारेजी र बचाउः-</u>** (१) यो कार्यविधि लागू हुनु पूर्व सम्बन्धित निकायमा दर्ता भई सञ्चालनमा रहेका सवारी साधनहरुको हकमा यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची- १

**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित ) विद्युतीय रिक्सा दर्ताको लागि दिइने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बागमती नगर कार्यपालिकाको कार्यालय, कर्मैया, सर्लाही

मेरो/ हाम्रो नाममा खरिद भएकोप / प्राप्तभएको / झिकाएको निम्न विवरण भएको सवारी शुरु दर्ता गराउनको लागि लाग्ने दस्तुर चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथै राखी पेश गरेको छु / छौं । उक्त सवारी जाँचगरी मेरो/ हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाण पत्रपाउन दरखास्त गर्न आएको छु/छौं ।

१. सवारी खरिद गर्ने ( व्यक्ति, फर्मकम्पनी वा संस्थाको नाम थरः
२. ठेगाना (क) स्थायी : (ख) अस्थायी
३. पिता वा पतिको नाम थर ( व्यक्ति भएमा) :
४. सवारीको किसिम :
५. सवारी बनाउने कम्पनीको नामः
६. सवारीको मोडल नं. (निर्माण भएको साल) :
७. सिलिण्डर संख्याः
८. हर्षपावर सि. सि. : ९. इन्जिन नं.:
१०. सवारीको चेसिस नं. :
११. सवारीको रङ (क) बडीको रङ : (ख) सिट संख्याः
१२. प्रयोग गर्ने इन्धनको किसिम :
१३. सवारीमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण (रेडियो क्यासेट, टेलिफोन आदि) :
१४. सवारीको वजन क्षमता (क) कुल वजनः (ख) भारवहन क्षमताः (ग) सिट संख्याः
१५. प्रयोग :
१६. चलाउने क्षेत्र :
१७. भन्सार तिरेको निस्साः (क) भन्सार कार्यालयको नाम : (ख) प्रज्ञापन पत्र नं.
(ग) रसिद नं.: (घ) मितिः
१८. प्रवेश दर्ता प्रमाण पत्रको निस्साः (क) प्रवेश पत्र दिने प्रहरी कार्यालयको नाम :
ख) प्रवेश पत्र दिएको मिति : ग) प्रवेश पत्र नं. :
१९. झिकाउने इजाजत पाएको निस्साः (क) निस्सा दिने कार्यालयः (ख) निस्सा प्रमाण-पत्र नं. : (ग) मितिः
२०. अन्य प्रमाणको विवरणः

लेखिएको व्यहोरा ठीक साँचो हो, झूठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

दरखास्तावालाको सही :
नाम थरः
ठेगाना :
मितिः

<u>कार्यालय प्रयोजनको लागि दर्ता मितिः</u>

सवारी निरीक्षकको व्यहोरा : दर्ता मितिः सवारी दर्ता नं.:

माथि उल्लेखित सम्पूर्ण बिबरणहरुका साथै प्राविधिक प्रतिवेदनबाट सवारी दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्दछु ।

| ......................... | ............................. | ................................... |
|---|---|---|
| निरीक्षण गर्ने प्राविधिकको नाम र हस्ताक्षर | फाँटवालाको नाम र हस्ताक्षर नाम र हस्ताक्षर | दर्ता गर्ने अधिकारीको नाम र हस्ताक्षर |

अनुसूची- २
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित )

**ई-रिक्सा चालक परिचय पत्रको ढाचा**

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
मधेश प्रदेश, नेपाल                    फोटो

**ई-रिक्सा चालक परिचय पत्र**

नाम :

ठेगाना :

सम्पर्क नं.:

ई रिक्सा नं.:

**प्रमाणीकरण मिति : २०८१/११/०५**

**आज्ञाले**
**प्रतीत भण्डारी**
**नि.प्रमुख प्रशासकीय अधिकृत**